# आमाछोदिङमो गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**गोल्जुङबेशी रसुवा**
**बागमती प्रदेश, नेपाल**

## आ.व. ०७९/०८० का लागि ढुङ्गा, गिट्टी, माटो, बालुवा, ग्राभेल, रोडा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको उत्खनन, संकलन, आन्तरिक बिक्री तथा बाह्य कर निकासी दर तथा दस्तुर उठाउने ठेक्का बन्दोबस्तीको लागि बोलपत्र आव्हान सम्बन्धी ३० दिने सूचना

(पहिलो पटक प्रकाशित मितिः २०७९/०७/०१)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधि/नियमावली बमोजिम आमाछोदिङमो गाउँपालिका क्षेत्राधिकारभित्र पर्ने दलाङ खोला, ग्रे मुनिको खोला र चिलिमे खोला आसपासबाट निकालिएका नदिजन्य तथा खानीजन्य पदार्थहरु ढुङ्गा, गिट्टी, माटो, बालुवा, ग्राभेल, रोडा आदिमा आ.व. २०७९/०८० को लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित परिमाण मध्ये नियमानुसार देहायको परिणाममा नदिजन्य तथा खानीजन्य पदार्थहरु ढुङ्गा, गिट्टी, माटो, बालुवा, ग्राभेल, रोडा आदिमा निकासी कर संकलन सम्बन्धी कार्यहरु गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्महरुले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयको राजस्व शाखाबाट नगदी रसिद लिई वा यस कार्यालयको कुमारी बैंक लि., आमाछोदिङमो शाखामा रहेको आमाछोदिङमो आन्तरिक राजस्व खाता खाता नं. ०८०००३९७२८१००००७ मा (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचर र हालसम्म नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाणपत्र, मु.अ. कर प्रमाणपत्र तथा हालसम्मको कर चुक्ताको प्रमाणपत्र वा कर चुक्ताको म्याद थपको प्रमाणपत्र सहित बोलपत्र फाराम कार्यालयबाट खरिद गरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म आफूले कबोल गरेको अंकको ५ प्रतिशत धरौटि रकम कुमारी बैंक लि., आमाछोदिङमो शाखामा रहेको धरौटि खाता नं. ०८०००३९७२८१००००३ मा नगद जम्मा गरी वा बोलपत्रको अन्तिम म्यादको १२० दिनसम्म म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट प्राप्त बैंक ग्यारेण्टी संलग्न गरी कार्यालयमा पेश गर्न सकिनेछ। रितपूर्वक पर्न आएका बोलपत्र फारमहरु सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन। बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। गाउँपालिकाबाट पारित भएका करका दररेट बोलपत्र फारामसाथ उपलब्ध गराईनेछ। साथै अन्य यस कार्यालयको राजस्व शाखामा वा फोन नं. ९८५१२७९२३४ मा सम्पर्क राख्नुहुन सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | विवरण शीर्षक | उत्खनन परिमाण घ.मि. | कुल न्युनतम कबोल अंक रु. (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|
| ARM/Revenue/01/079/080 | चिलिमे खोलामा ढुङ्गा, गिट्टी, माटो, बालुवा, ग्राभेल, रोडा प्रति क्यु फि रु ९ का दरले | ४२७२७.६४ | १३५७०७२४।८१ | ३,०००।०० |
| ARM/Revenue/02/079/080 | दलाङ खोलामा ढुङ्गा, गिट्टी, माटो, बालुवा, ग्राभेल, रोडा प्रति क्यु फि रु ९ का दरले | ३९६०.२३ | १२५७८०९।४०५ | १,०००।०० |
| ARM/Revenue/03/079/080 | ग्रे मुनि खोलामा ढुङ्गा, गिट्टी, माटो, बालुवा, ग्राभेल, रोडा प्रति क्यु फि रु ९ का दरले | ३००० | ९५२८२९।९७३ | १,०००।०० |

**शर्त तथा बन्देजहरूः**

१. सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजेसम्म उल्लेखित सबै कागजातहरू यस आमाछोदिङमो गाउँपालिकाको कार्यालय गोल्जुङबेशीमा रितपुर्वक दर्ता गर्नुपर्नेछ।

२. नेपाल सरकारबाट भएको निर्णय, जारी गरिएको नयाँ ऐन नियमको अधिनमा रहि कार्य गर्नुपर्नेछ। साथै, गाउँपालिका तथा नेपाल सरकारबाट समय समयमा अधावधिक भएका ऐन, नियम तथा कार्यविधिहरु पालना गर्नु पर्नेछ।

३. ठेकेदार र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन। बोलपत्र स्विकृत भइ सम्झौता हुँदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE), वातावरण संरक्षण ऐन र नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त र बन्देज समेत पालना गर्नुपर्नेछ।

४. फर्मले कबोल गरेको अंकको मु.अ. कर बापतको रकम चौमासिक रुपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सोको विवरण प्रत्येक चौमासिक भुक्तान भएको महिना दिनभित्रै गाउँपालिकामा बुझाउनु पर्नेछ। अन्य कर शुल्क लागेमा ठेकेदार आफैले असुल गरि प्रचलित कानुन बमोजिम दाखिला गर्नुपर्नेछ।

५. ठेक्का स्विकृत भएपछि सम्झौता गर्दाका बखत कबोल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिन सकिनेछ। सो नभए प्रथम किस्ता बापतको ४० प्रतिशत मु अ कर समेत सम्झौता गर्दाको बखत र बाकी ६० प्रतिशत रकम २०८० असाढ १५ सम्म कार्यालयको विभाज्य कोष खाता (खाता नं. ०८०००३९७२८१०००२२ )मा जम्मा गर्नुपर्नेछ। सम्झौता गर्दा कबोल अंक बराबर को रकम बैक जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिका तर्फबाट बाँकी रहेको किस्ता बैंक ग्यारेण्टिबाट असुल गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ। असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपुर्ति स्वरुप असुल उपर गर्न सकिनेछ।

७. कुनै शर्त राखी पेश गरेको हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

८. उठाइने करका दरहरु बोलपत्र फारमका साथ उपलब्ध गराइनेछ।

९. कुनै पनि परिस्थितिजन्य कारण देखाइ कानुन बमोजिम बाहेक मिनाहा वा छुट दाबी गर्न पाइने छैन।

१०. बोलपत्र फाराम खरिद गर्ने र पेश गर्ने दिनहरुमा विदा परेमा सो को भोलिपल्टलाइ अन्तिम दिन मानिनेछ।

सूचनामा उल्लेख भएकोमा यसै सूचना बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**